# स्थानीय राजपत्र

# किस्पाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल (संख्याः८

## भाग-२

### किस्पाङ गाउँपालिका स्तरीय शैक्षिक नतिजामा आबद्ध विद्यालय, शिक्षक तथा विद्यार्थी पुरस्कार तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

मूल्य रु. ५

## किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल ( संख्याः ८

## भाग-२

### किस्पाङ गाउँपालिका स्तरीय शैक्षिक नतिजामा आबद्ध विद्यालय, शिक्षक तथा विद्यार्थी पुरस्कार तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

किस्पाङ गाउँपालिका

**प्रस्तावना :**

नेपालको संविधानले शैक्षिक क्षेत्रमा प्रदान गरेको अधिकारको अङ्गिकार गर्दै न्यायोचित शैक्षिक कार्यक्रम कार्यान्वयनको माध्यमबाट समग्र शैक्षिक विकास तथा यस क्षेत्रमा आवद्ध शिक्षक, विद्यार्थी तथा विद्यालयको सिकाइ गतिविधिमा गुणस्तरीय सुधार गर्न शिक्षक तथा विद्यार्थीहरुलाई सिकाइ क्षेत्रमा थप प्रतिस्पर्धी एवं सफल र सक्षम बनाउन किस्पाङ गाउँपालिकाले स्थानीय शिक्षा क्षेत्रमा लिएको उद्देश्य

हाँसिल गर्न यस किस्पाङ गाउँपालिकाले शैक्षिक नतिजामा आबद्ध विद्यालय, शिक्षक तथा विद्यार्थी पुरस्कार तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ तयार गरि लागू गरेको छ ।

**१. परिभाषाः**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा :

क) विद्यालय भन्नाले नेपाल सरकारबाट स्वीकृत लिई औपचारिक शिक्षा प्रदान गर्ने संस्थालाई बुझ्नु पर्दछ ।

ख) शिक्षक भन्नाले विद्यालयको औपचारिक शिक्षा प्रदान गर्न नेपाल सरकारको शैक्षिक निकायबाट नियुक्ति लिई प्रचलित शिक्षा ऐन तथा नियमावलीको परिधीभित्र रही अध्यापन कार्यलाई मुख्य पेशा बनाएका व्यक्तिलाई बुझ्नु पर्दछ ।

ग) विद्यार्थी भन्नाले औपचारीक शिक्षा आर्जन गर्न विद्यालयमा अध्ययन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

घ) परीक्षा बोर्ड वा परीक्षा समिति भन्नाले निश्चित मापदण्डको आधारमा विद्यार्थीको शैक्षणिक मूल्याङ्कन गर्न अर्थात् परीक्षा सम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्न बनेको आधिकारीक निकायलाई बुझ्नुपर्छ ।

ङ) परीक्षा भन्नाले निश्चित मापदण्ड बनाइ केन्द्र, प्रदेश वा स्थानीय निकायको आधिकारीक परीक्षा बोर्डद्वारा परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइ उपलब्धी मापन गर्ने माध्यमलाई बुझ्नु पर्दछ ।

च) शैक्षिक नतिजा भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विद्यालयगत, तहगत, कक्षागत वा विषयगत सिकाइ उपलब्धीलाई सम्झनुपर्छ ।

छ) कार्यविधि भन्नाले गाउँपालिकाले शैक्षिक नतिजामा आबद्द विद्यालय, शिक्षक तथा विद्यार्थी पुरस्कार तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ लाई बुझ्नु पर्दछ ।

ज) कार्यालय भन्नाले किस्पाङ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**२. प्रस्ताव पेश :**

यस कार्यविधि अनुसार केन्द्रस्तरमा राष्ट्रिय परीक्षा बोर्ड, प्रदेशस्तरीय परीक्षा बोर्ड तथा स्थानीय निकाय अन्तर्गत पालिका स्तरीय परीक्षा समितिद्वारा लिइने तहगत अन्तिम कक्षाको परीक्षा क्रमशः माध्यामिक तह कक्षा १० को अन्तिम परीक्षा S.E.E. आधारभूत तह (कक्षा-८) को आधारभूत तह उत्तीर्ण परीक्षा र आधारभूत तह (१-५) तहको स्तर मापन परीक्षा लिई विद्यालयको समग्र शैक्षिक उत्कृष्टता, कक्षागत तथा विषयगत नतिजा र विद्यार्थी टिकाउ दरलाई आधार मानी उत्कृष्ट भएका विद्यालय, विषयगत शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहन तथा पुरस्कार प्रदान गर्न यो प्रस्ताव पेश गरिएको छ ।

**३. पुरस्कार तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यक्रमः**

क. गाउँपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयहरुमध्ये केन्द्रस्तरको राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० को अन्तिम परीक्षा SEE. तथा स्थानीय निकाय अन्तर्गत (कक्षा ८) को आधारभूत तह उत्तीण परीक्षा र आधारभूत तह (कक्षा १-५) अन्तर्गत स्तरमापन परीक्षामा सबैभन्दा उच्चतम GPA ल्याउने ३ वटा विद्यालयहरुलाई क्रमश : नगद पुरस्कारले सम्मान तथा प्रोत्साहन गरिने छ ।

ख. विद्यालयको विभिन्न तहमा अध्यापनरत विषय शिक्षकहरु मध्ये मा.वि. तहको कक्षा १० को अन्तिम परीक्षा SEE. तथा स्थानीय निकाय अन्तर्गत (कक्षा ८) को आधारभूत तह उत्तीण परीक्षा र आधारभूत तह (कक्षा १५) अर्न्तगत कक्षा ५ को स्तरमापन परीक्षाको विषयगत सिकाइ उपलब्धी अर्थात् उत्कृष्ट नतिजाको मुल्याङ्कन गरी विषयगत शिक्षकलाइ प्रोत्साहन स्वरुप नगद पुरस्कार प्रदान गरिने छ ।

ग. केन्द्रस्तरको राष्ट्रिय परीक्षा बोर्ड, प्रदेशस्तर तथा स्थानीय निकायको परीक्षा बोर्ड वा समितिले कक्षा १० को अन्तिम परीक्षा SEE, तथा स्थानीय निकाय अन्तर्गत (कक्षा ८) को आधारभूत तह उत्तीण परीक्षा र आधारभूत तह (कक्षा १-५) अन्तर्गत स्तरमापन परीक्षाको नतिजामा सबै तहबाट सबै भन्दा बढी GPA प्राप्त गर्ने १/१ जना छात्र-छात्रालाई नगद पुरस्कार प्रदान गरिने छ ।

**४. पुरस्कार तथा प्रोत्साहन कार्यान्वयन विकास कार्यक्रम :**

क. माध्यमिक तह अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा SEE, आधारभूत तह अन्तर्गत (कक्षा ८) उत्तीर्ण परीक्षा र आधारभूत तह अर्न्तगत (कक्षा १-५) को स्तरमापन परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयहरुलाई क्रमशः प्रथम, द्वितीय र तृतीय नगद पुरस्कारबाट प्रोत्साहन गरिनेछ ।

ख. माध्यमिक तह अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा SEE, आधारभूत तह अन्तर्गत (कक्षा ८) उत्तीर्ण परीक्षा र आधारभूत तह अन्तर्गत (कक्षा १-५) को स्तरमापन परीक्षामा विषयगत सिकाइ उपलब्धीको उत्कृष्टताको आधारमा विषय शिक्षकलाई समेत नगद पुरस्कारबाट सम्मान गर्न सकिनेछ ।

ग. माध्यमिक तह अर्न्तगत कक्षा १० को अन्तिम परीक्षा SEE. आधारभूत तह अन्तर्गत (कक्षा ८) उत्तीर्ण परीक्षा र आधारभूत तह अर्न्तगत (कक्षा १-५) को स्तरमापन परीक्षामा सबै सामुदायिक विद्यालयहरूमध्ये तहगत सबैभन्दा बढी GPA प्राप्त गर्ने उत्कृष्ट ३ जनालाई प्रोत्साहन स्वरुप नगद पुरस्कार प्रदान गर्न गरिनेछ ।

**५. उत्कृष्ट विद्यार्थीका लागि पुरस्कार राशी**

मा वि. तह अन्तर्गत (कक्षा १० को SEE)

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|
| रकम | २०००० | १५००० | १०००० | ३५००० |

क. कक्षा १० को अन्तमा बराबर GPA ल्याएको अवस्थामा कक्षा ८ र कक्षा १० र ८ मा बराबर GPA भएको हकमा मात्र कक्षा ५ को GPA लाई समेत आधार बनाई पुरस्कार रकम प्रदान गर्न सकिने छ । सबैमा बराबर GPA भएको अवस्थामा दामासाहीले पुरस्कार रकम प्रदान गरिनेछ।

आधारभूत तह अन्तर्गत

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|
| रकम | ६००० | ५००० | ४००० | १५००० |

क. आधारभूत तह कक्षा ८ मा बराबर GPA भएको हकमा कक्षा ५ को GPA लाई समेत आधार बनाई पुरस्कार रकम प्रदान गर्न सकिने छ। सबैमा बराबर GPA भएको अवस्थामा दामासाहीले पुरस्कार रकम प्रदान गरिनेछ ।

## ६. उत्कृष्ट विद्यालयका लागि पुरस्कार राशी

मा वि. तह अन्तर्गत (९-१२)

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|
| रकम | २५००० | २०००० | १५००० | ६०००० |

आधारभूत (१-८) तह अन्तर्गत

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|
| रकम | १००० | ७००० | ५००० | २२००० |

आधारभूत (१-५) तह अन्तर्गत

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|

किस्पाङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| रकम | ७००० | ५००० | ४००० | १५००० |

**७. उत्कृष्ट शिक्षकका लागि पुरस्कार राशी**

मा वि. तह (९-१२)

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|
| रकम | १५००० | १२००० | १०००० | ३७००० |

आधारभूत (१-८) तह अन्तर्गत

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|
| रकम | १२००० | ९००० | ७००० | २८००० |

आधारभूत (१-५) तह अन्तर्गत

| स्थान | प्रथम | द्वितीय | तृतीय | जम्मा |
|---|---|---|---|---|
| रकम | ९००० | ६००० | ४००० | १९००० |

क. शिक्षकलाई पुरस्कृत गर्दा शिक्षकको तहगत रुपमा विषयगत नतिजा, आचार सहिँताको पालना, नियमितता र लगनशिलतालाई आधार मानिनेछ । शिक्षकको तहगत रुपमा विषयगत नतिजा समान भएको हकमा विगत ३ वर्षको शैक्षिक नतिजालाई समेत आधार बनाउन सकिने छ ।

**८.परीक्षा तथा नतिजा मूल्याङ्कन समिति :**

परीक्षा तथा नतिजा मूल्याङ्कन समिति अन्तर्गत कक्षा १० को SEE राष्ट्रिय मापदण्ड कायम गरी परीक्षा तथा नतिजा मूल्याङ्कन गर्ने राष्ट्रिय परीक्षा बोर्ड तथा आधारभूत तह अन्तर्गत (कक्षा-८) को शिक्षा शाखा

किस्पाङ गाउँपालिका

अन्तर्गत परीक्षा सञ्चालन तथा नतिजा मूल्याङ्कन समितिद्वारा राष्ट्रिय मापदण्डलाई आधार मानी कार्यान्वयन गरिनेछ।

यस दफा बमोजिमको समितिमा प्रस्ताव मूल्याङ्कन गर्दा शिक्षा शाखाको प्रमुखले सदस्य सचिवको रुपमा र गाउँपालिका उपाध्यक्ष समिति संयोजकको रुपमा कार्य गर्नुपर्नेछ। मूल्याङ्कन समितिमा बाह्य र आन्तरिक विज्ञहरू समावेश गर्न सकिनेछ ।

**९. छनौटका आधारहरु :**

क) मा.वि. तह अन्तर्गत उत्कृष्ट विद्यालय छनोट गर्दा कक्षा १० को SEE परीक्षाको विगत ३ बर्षको SEE परीक्षाको नतिजा पहिचान हुने ग्रेडसिटलाई आधार बनाउने ।

ख) कक्षा १० को SEE परीक्षामा सामेल हुने परीक्षार्थीहरुको कक्षा ९ मा भरेको रजिष्ट्रेशन फारामको आधारमा विद्यार्थी टिकाउ दर विश्लेषण गर्ने।

ग) समग्र विद्यालयमा सबैभन्दा उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यालयलाई उत्कृष्ट विद्यालय छनोट गर्ने।

घ) तहगत रुपमा विषयगत उच्चतम सिकाइ उपलब्धी अर्थात् GPA प्राप्त गर्ने शिक्षक हुनुपर्ने ।

ङ) समग्र विषयको कुल सिकाइ उपलब्धी अर्थात् उच्चतम GPA प्राप्त गर्ने छात्र वा छात्रा हुनुपर्ने ।

८) प्रोत्साहन तथा पुरस्कार प्रदान गर्ने आधारहरु :

क) विद्यालयले शैक्षणिक क्रियाकलापको माध्यमबाट प्राप्त गरेको नतिजाको उत्कृष्टता।

ख) शिक्षकको विषयगत सक्षमता।

ग) विद्यार्थीहरुको सिकाइ उपलब्धी अर्थात् उच्चतम GPA

घ) भावी दिनको थप उपलब्धीका लागि जागरण ।

माथि उल्लेखित बुँदाहरुको आधारमा विद्यालयहरुले उपलब्ध गराएको आवश्यक अभिलेख तथा रेकर्डलाई शिक्षा शाखाको तर्फबाट राष्ट्रिय मापदण्ड अनुरुप निश्चित मापदण्ड बनाई सो बमोजिम लेखाजोखा गरी परीक्षा तथा मूल्याङ्कन समितिको बैठकको निर्णयानुसार छनौट गरिएका उत्कृष्ट विद्यालय, विषयगत शिक्षक तथा विद्यार्थीहरुको नामावली प्रोत्साहन तथा पुरस्कार प्रदान गर्न निर्णय सम्बन्धित शाखामा पेश गरिनेछ । यसरी प्रोत्साहन तथा पुरस्कारका लागि छनौट भएका विद्यालय, विषयगत शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम कार्यान्वयन गर्न यस कार्यविधिलाई आधार मानिनेछ ।

**द्रष्टव्य :** यस गाउँपालिका भित्र रहेका विद्यालयहरुको सिकाइ उपलब्धीमा आबद्ध प्रोत्साहन तथा पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार आधारभूत तह (कक्षा १-५) को स्तरमापन परीक्षा नभएकाले उल्लेखित तहमा अर्को वर्षदेखि प्रोत्साहन तथा पुरस्कार कार्यक्रम कार्यान्वयन गर्ने गरी यस बर्ष मा.वि. तह अन्तर्गत ( कक्षा-१०) को SEE परीक्षाको नतिजा तथा आधारभूत तह (कक्षा ८) को पालिका स्तरीय परीक्षाको नतिजालाई आधार मानी यो कार्यक्रम कार्यान्वयन गरिनेछ ।

आज्ञाले,
महा प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका